# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना १८ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय ड्राईभरटोलबाट तपशिलमा उल्लेखित ऋणीले व्यापारिक अधिविकर्ष तथा आवधिक कर्जा शिर्षक अन्तगर्त लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **न्यू केस्ट्रल स्टोर्स** प्रोप्राइटरको नाम : प्रकृती कार्की प्रा.फ.र.नं. : ४२८२५/०७५
दर्ता जारी गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही दर्ता मिति : २०७५/०५/१९
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६०८३८३८९५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मधुकर कार्कीको छोरी होमराज उप्रेतीको बुहारी राजु उप्रेतीको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ९ हाल, वडा नं. ८ बस्ने **सुश्री प्रकृति कार्की** (ना.प्र.नं. : ५९५५ जारी मिति र जिल्ला : २०५३/०२/१०, रुपन्देही)

२) दुर्गा प्रसाद पाठकको छोरी नन्दलाल उप्रेतीको बुहारी होमराज उप्रेतीको पत्नी चितवन जिल्ला भरतपुर वडा नं. ७ हाल, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **खेमा कुमारी उप्रेति** (ना.प्र.नं. : ५२९२ जारी मिति र जिल्ला : २०५१/०१/१४, चितवन)

३) होमराज उप्रेतीको नाति राजु उप्रेतीको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **प्रतिक उप्रेती** (ना.प्र.नं. : ३७-०१-७१-०५७०१ जारी मिति र जिल्ला : २०७१/०६/०७, रुपन्देही)

४) नन्दलाल उप्रेतीको नाति होमराज उप्रेतीको छोरा चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ८ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.वडा नं. ८ बस्ने **राजु उप्रेती** (ना.प्र.नं. : १०५९६/०५२ जारी मिति र जिल्ला : २०५२/११/१३, चितवन)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०४/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/०७/२८ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| खेमा कुमारी उप्रेती | चितवन जिल्ला गीतानगर वडा नं. ४ | ४क | ७९२ | १०१५.८९ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/१०/०३ गते विहीबार भित्र यस बैंकको शाखा कार्यालय ड्राईभरटोल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/१०/०४ गते शुक्रबार दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय ड्राईभरटोलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ